दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

# दक्षिणकाली नगरपालिकाको

# दक्षिणकाली क्षेत्र विकास समिति ऐन, २०७७

नगरसभाबाट स्वीकृत मिति : २०७७/०३/३१

प्रमाणिकरण भएको मिति: २०७७/०४/०१

## दक्षिणकाली नगरपालिका

फर्पिङ, काठमाडौं

# दक्षिणकाली क्षेत्र विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

**प्रस्तावना** : दक्षिणकाली क्षेत्रमा रहेका मठ-मन्दिर, प्राकृतिक स्रोत, पर्यावरण लगायत धार्मिक, साँस्कृतिक, ऐतिहासिक एवं पुरातात्विक महत्वका सम्पदा संरक्षण, व्यवस्थापन तथा यस क्षेत्रका पूर्वाधार संरचना विकास गर्न तथा संविधानको अनुसूची-९ मा उल्लेखित पुरातत्व र प्राचीन स्मारक सम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वयन सम्वन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम दक्षिणकाली नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "दक्षिणकाली क्षेत्र विकास समिति ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले दफा ९ बमोजिमको कोष सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "दक्षिणकाली मन्दिर" भन्नाले नगरपालिकाको वडा नं. ६ मा अवस्थित दक्षिणकाली मन्दिर सम्झनु पर्छ ।

(ङ) "दक्षिणकाली क्षेत्र" भन्नाले नेपाल सरकारले खण्ड ३७ भाग ४, संख्या २० मिति २०४४ साल भाद्र १५ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकेको अनुसूची - १ बमोजिमको चार किल्लाभित्रको क्षेत्र सम्झनु पर्दछ र सो शब्दले नगरपालिकाको वडा नं. ६, ७ र ८ स्थित दक्षिणकाली मन्दिर र सोको आसपासको वनक्षेत्र समेत पर्ने गरी नगरपालिकाले अनुसुचिमा बमोजिम निर्धारण गरिदिएको क्षेत्रलाई समेत जनाउँछ ।

(च) "नगरपालिका" भन्नाले काठमाण्डौ जिल्ला स्थित दक्षिणकाली नगरपालिका सम्झनु पर्छ ।

(छ) "नगर कार्यपालिका" दक्षिणकाली नगर कार्यपालिका सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले दफा ४ बमोजिम गठन भएको दक्षिणकाली क्षेत्र विकास समिति सम्झनु पर्छ ।

(झ) "सदस्य" भन्नाले समितिको अध्यक्ष र सदस्य सम्झनु पर्छ र सो शब्दले सदस्य-सचिवलाई समेत जनाउँछ ।

(ञ) "संरक्षक" भन्नाले दफा ३ बमोजिमको संरक्षक सम्झनु पर्दछ ।

## परिच्छेद-२

## संरक्षक तथा समिति सम्बन्धी व्यवस्था

३. **संरक्षक:** (१) नगर कार्यपालिकाको प्रमुख समितिको संरक्षक हुनेछ ।

(२) दक्षिणकाली क्षेत्रको संरक्षण, सम्बर्द्धन तथा विकास सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने अन्तिम दायित्व संरक्षकको हुनेछ ।

४. **समितिको गठन** (१) दक्षिणकाली क्षेत्रमा रहेका मठ-मन्दिर, प्राकृतिक स्रोत, पर्यावरण लगायत धार्मिक, साँस्कृतिक, ऐतिहासिक एवं पुरातात्विक सम्पदाको संरक्षण, व्यस्थापन तथा यस क्षेत्रमा पूर्वाधार संरचनाको विकास गर्न एक दक्षिणकाली क्षेत्र विकास समितिको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष तथा सदस्यहरू रहनेछन्:-

(क) दक्षिणकाली मन्दिर रहेको वडाको वडा अध्यक्ष - अध्यक्ष

(ख) दक्षिणकाली क्षेत्र भित्र रहेका बाँकी वडाका दुई जना वडाध्यक्ष - सदस्य

(ग) दक्षिणकाली मन्दिरका पुजारी - सदस्य

(घ) समितिको अध्यक्षले मनोनयन गरेका दक्षिणकाली क्षेत्र भित्रका निर्वाचित जनप्रतिनिधि मध्ये कम्तीमा एकजना महिला सहित तीन जना व्यक्ति - सदस्य

(ङ) नगर कार्यपालिकाबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना जनप्रतिनिधि -सदस्य

(च) ईलाका प्रहरी कार्यालय प्रमुख/प्रतिनिधि -सदस्य

(छ) नगरपालिका भित्र रहेका समाजसेवी, बुद्धिजीवी, स्थानिय व्यवसायी तथा प्रतिष्ठित व्यक्तिहरु मध्येबाट नगर प्रमुखले मनोनीत गरेका तिन जना -सदस्य

(ज) नगरपालिकाले तोकेको कर्मचारी -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (छ) बमोजिम मनोनीत सदस्यको पदावधि पाँच वर्षको हुनेछ र निजहरु पुनःमनोनीत हुन सक्नेछन् ।

(४) उपदफा (२) को खण्ड (घ), (ङ) र (छ) बमोजिमका मनोनीत सदस्यले समितिको हित विपरीत कार्य गरेको पाइएमा निजलाई मनोनीत गर्ने व्यक्ति वा निकायले जुनसुकै बखत सदस्य पदबाट हटाउन सक्नेछ । त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(५) सदस्य तथा उपदफा (४) बमोजिमका आमन्त्रित व्यक्तिले समितिको बैठकमा भाग लिए बापत नगर कार्यपालिकाले तोकिदिए बमोजिमको बैठक भत्ता तथा सुविधा पाउनेछन् ।

(६) उपदफा (२) बमोजिमको समितिमा रहने जनप्रतिनिधिहरुको पदावधि समाप्त भएमा समितिमा पनि स्वतः पदावधि समाप्त हुनेछ ।

५. **समितिको बैठक**: (१) समितिको बैठक महिनाको कम्तीमा एक पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगावै सबै सदस्यलाई दिनु पर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिले आवश्यकता अनुसार संरक्षक, कुनै व्यक्ति वा विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

तर आमन्त्रित सदस्यलाई निर्णयमा मत दिने अधिकार हुने छैन ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दक्षिणकाली क्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रम बनाउने र नगर सभाबाट स्वीकृत गराउने,

(ख) खण्ड (क) बमोजिम स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ग) दक्षिणकाली क्षेत्रको सामाजिक, आर्थिक, धार्मिक तथा साँस्कृतिक पक्षको विकासको निमित्त त्यस क्षेत्रभित्रका प्राचीन, ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक महत्वका स्थल तथा वस्तुहरूको अन्वेषण तथा अनुसन्धान गर्ने, गराउने,

(घ) दक्षिणकाली क्षेत्र भित्र पर्यटनको लागि उपयुक्त हुने स्थानहरूमा पर्यटन विकासको लागि आवश्यक संरचना निर्माण गर्ने,

(ङ) दक्षिणकाली क्षेत्र भित्र कुनै स्थान विशेषको महत्व, गरिमा, मान्यता र सम्वेदनशीलतालाई ध्यानमा राखीत्यस्ता स्थानहरूमा गर्न नहुने कार्यहरू तोकी निषेध र नियन्त्रण गर्ने,

(च) दक्षिणकाली क्षेत्र भित्र प्राकृतिक सम्पदाहरूको संरक्षण गर्ने तथा वातावरणीय सन्तुलन कायम राख्ने खालका कार्यक्रम सञ्चालन गर्ने,

(छ) दक्षिणकाली क्षेत्र भित्रका पूर्वाधारहरु (पुल, ढल, बिजुली, टेलिफोन, सडक जस्ता) तथा सार्वजनिक उपयोगका साधनहरू सुव्यवस्थित गर्ने व्यवस्था मिलाउने,

(ज) दक्षिणकाली क्षेत्रभित्र फोहरमैला हुन नदिने गरी स्वच्छता कायम गर्ने र सो क्षेत्र भित्रका नेपाल सरकारका कार्यालय, नगरपालिका र गैर सरकारी संस्थाहरूसँग समन्वय गरी कार्यक्रमहरू सञ्चालन गर्ने,

(झ) दक्षिणकाली क्षेत्रको महत्व दर्शाउन राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सभा, सम्मेलन, गोष्ठी वा प्रदर्शनीको आयोजना गर्ने,

(ञ) दक्षिणकाली क्षेत्र भित्रका मठ मन्दिर, देवल, सत्तल लगायतका प्राचीन, ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक महत्वका स्थल तथा वस्तुहरूको मर्मत सम्भार गर्ने,

(ट) दक्षिणकाली क्षेत्र भित्र सरकारी, गैर सरकारी, निजी क्षेत्रबाट सञ्चालन हुने विकास निर्माण कार्यहरू सञ्चालन गर्न विभिन्न निकायहरू बीच समन्वय कायम गर्ने,

(ठ) दक्षिणकाली क्षेत्र भित्रका पुरातात्विक महत्वको स्थानलाई संरक्षित स्थान घोषणा गर्ने,

(ड) दक्षिणकाली क्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि विदेशी सरकार, राष्ट्रिय वा अन्तराष्ट्रिय संघ संस्था, निकाय वा व्यक्तिसँग सम्पर्क र समन्वय गर्ने,

(ढ) संरक्षकले दिएको निर्देशन पालना गर्ने,

(ण) यस ऐन बमोजिम समितिको उद्देश्य पूर्तिको लागि गर्नु पर्ने अन्य कार्य गर्ने ।

## परिच्छेद-३

## अनुगमन समिति सम्बन्धी व्यवस्था

७. **अनुगमन समितिको गठन**: (१) दक्षिणकाली क्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्न देहाय बमोजिमको एक नगरस्तरीय अनुगमन समिति रहनेछः-

(क) नगरपालिकाको उपप्रमुख - संयोजक

(ख) नगर कार्यपालिकाबाट मनोनीत दलित तथा अल्पसंख्यक मध्येबाट एक जना सहित तीन जना -सदस्य

(ग) नगरपालिकाले तोकेको एक जना कर्मचारी -सदस्य सचिव ।

८. **अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** दफा ७ बमोजिम गठित अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नगर सभाबाट पारित समितिको योजना तथा कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(ख) आयोजनाहरूको गुणस्तरीयता कायम गर्ने गराउने,

(ग) योजनाको अनुगमन गरी प्रतिवेदन तयार गरी समितिको बैठकमा पेस गर्ने,

(घ) योजना अनुगमन गरी काम सम्पन्न भएकोमा सोको फछ्र्यौट गर्न सिफारिस दिने,

(ङ) दक्षिणकाली क्षेत्रभित्र विकास निर्माणका कार्यलाई चुस्त दुरुस्त आर्थिक पारदर्शीता र जवाफदेही ढंगबाट सञ्चालन गर्न आवश्यक समन्वय गर्ने,

(च) वार्षिक अनुगमन प्रतिवेदन तयार गरी नगर सभामा प्रस्तुत गर्ने ।

## परिच्छेद-४

## समितिको कोष

९. **समितिको कोष**: (१) समितिको एउटा छुट्टै कोष हुनेछ र कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्तिवा संस्थाले चन्दावा सहायता स्वरूप प्रदान गरेको रकम,

(ग) समितिले उपलब्ध गराएको कुनै सेवा बापत प्राप्तहुने रकम,

(घ) सम्बन्धित जिल्ला समन्वय समिति वा नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ङ) अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा व्यक्तिबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम सेवा बापत समितिले लिन वा उठाउन पाउने शुल्क वा दस्तुर नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ङ) अन्तर्गतको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषमा रहने रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त कुनै पनि बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(५) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) कोषबाट समितिको नगरपालिकाले निर्णय गरी अनुदान स्वरुप आवश्यक रकम समितिलाई उपलब्ध गराउन सक्नेछ ।

१०. **लेखा र लेखा परीक्षण**: (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको खाता सदस्य-सचिव र समितिले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) समितिको आय-व्ययको आन्तरिक लेखा परिक्षण नगरपालिकाबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ ।

## परिच्छेद-५

## उपसमिति वा कार्य टोली र कर्मचारी सम्बन्धी व्यवस्था

११. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने**: (१) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम विशेष कार्यका लागी उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार, सुविधा तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

१२. **कर्मचारी नियुक्त गर्न सक्नेः** (१) समितिको दैनिक कार्य सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारी समितिको सिफारिसमा नगरपालिकाले करारमा नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

### परिच्छेद-६

## विविध

१३. **विशेष प्रबन्ध गर्न सक्नेः** दक्षिणकाली क्षेत्रभित्र रहेका मठ-मन्दिरको मर्मत सम्भार तथा जीर्णोद्धार लगायत व्यवस्थापनका सम्बन्धमा समितिले आवश्यकता अनुसार गुठी संस्थान, पुरातत्व विभाग र अन्य सरकारी सरकारी कार्यालय वा गैरसरकारी संस्थासँग समन्वय गरी विशेष प्रबन्ध गर्न सक्नेछ ।

१४. **परामर्श लिन सक्नेः** आफ्नो कार्य क्षेत्र भित्र पर्ने विषयमा वा यस ऐनको उद्देश्य प्राप्तीका लागि कार्य गर्दा समितिले नेपाल सरकारका निकायहरुसँग आवश्यक समन्वय गरी परामर्श लिन सक्नेछ ।

१५. **निर्देशन दिन सक्नेः** यस ऐनको उद्देश्य प्राप्तीको लागि संरक्षकले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१६. **अधिकार प्रत्यायोजनः** समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा समितिको कुनै अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१७. **समितिको कार्यालय** : (१) समितिको कार्यालय दक्षिणकाली मन्दिर क्षेत्र भित्र रहनेछ ।

(२) समितिको कार्यालय दक्षिणकाली क्षेत्र विकास समितिको नामले प्रचलित हुनेछ ।

१८. **नेपाल सरकारसँग सम्पर्क** : समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१९. **नियम बनाउने अधिकार**: समितिले यस ऐनको उद्देश्य पूर्तिका लागि आवश्यक नियमहरू बनाउन सक्नेछ ।

२०. **बचाउ**: (१) यो ऐन लागू हुनुभन्दा अघि दक्षिणकाली क्षेत्र प्रबन्ध समितिबाट भए गरेका काम कारवाहीहरु यसै ऐन बमोजिमको समितिबाट भए गरेको मानिनेछ ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि दक्षिणकाली क्षेत्र प्रबन्ध समितिको नाममा रहेको सम्पत्ति, दायित्व एवं जिम्मेवारी यो ऐन प्रारम्भ भएपछि स्वतः दक्षिणकाली नगरपालिकामा हस्तान्तरण भएको मानिनेछ ।

# अनुसूची

## दक्षिणकाली क्षेत्र

१. दक्षिणकालीको मन्दिर, परिसर, आसपासको वन क्षेत्र समेत

२. वडा नं. ६ को Area *(सम्भव भए सम्म ४ किल्ला खुलाएको र क्षेत्रफल एकीन भएको)*

३. वडा नं. ७ को Area *(सम्भव भए सम्म ४ किल्ला खुलाएको र क्षेत्रफल एकीन भएको)*

४. वडा नं. ८ को Area (सम्भव भए सम्म ४ किल्ला खुलाएको र क्षेत्रफल एकीन भएको)